# आर्थिक मामिला तथा योजना मन्त्री
# माननीय विदुर कुमार लिंथेपले
# कोशी प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको

# विनियोजन विधेयक, २०८३ मा समावेश हुने
# कोशी प्रदेश सरकारको बजेट तथा कार्यक्रमका
# सिद्धान्त र प्राथमिकता

कोशी प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

१२ जेठ, २०८३

**माननीय सभामुख महोदय,**

१. आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ११ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३/०८४ को **बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता** यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु।

२. बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता तय गर्दा नेपालको संविधान, सोह्रौं आवधिक योजना, कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्य, विकासशील मुलुकमा स्तरोन्नतिपश्चात् दिगोपन सुनिश्चित गर्ने रणनीति, अन्तरसम्बन्धित नीति, प्रदेश सरकारको नीति तथा कार्यक्रम, नागरिकको अपेक्षा, विकासको आवश्यकता र स्रोत साधनको उपलब्धतालाई मार्गदर्शनको रुपमा लिएको छु।

३. सुशासन, विकास र समृद्धिको चाहनालाई सार्थक बनाउँदै **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** निर्माण गर्न जनमुखी सेवा प्रवाह, दिगो भौतिक पूर्वाधार निर्माण, कृषि क्षेत्रको सबलीकरण, स्वच्छ खानेपानीको आपूर्ति, दिगो तथा भरपर्दो सिंचाई प्रणाली, पर्यटन क्षेत्रको विकास, पहुँचयोग्य र विशेषज्ञ सहितको स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा,

सामाजिक न्याय सहितको समावेशी विकास र रोजगारीका अवसर सिर्जना गर्न प्रदेशमा उपलब्ध स्रोत साधनको सन्तुलित तथा समन्यायिक ढङ्गले परिचालन एवं सम्भावनाको खोजीका लागि आगामी वर्षको बजेटको सिद्धान्त र प्राथमिकता तय गरेको छु।

**सभामुख महोदय,**

अब म, यस सभा समक्ष कोशी प्रदेश सरकारको चालु आर्थिक वर्षको राजस्व संकलन र बजेट कार्यान्वयनको संक्षिप्त जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

४. विगत आर्थिक वर्षको तुलनामा प्रदेशको आन्तरिक राजस्व संकलनमा क्रमिक सुधार हुँदै गएकोमा २०८२ साल भाद्र २३ र २४ गते भएको घटनाका कारण सार्वजनिक निकायका भौतिक संरचनामा क्षति भई सेवा प्रवाह अवरुद्ध हुँदा प्रदेश सरकारको आन्तरिक राजस्व प्राप्तिमा समेत केही संकुचन आएको छ। संघ सरकारले राजस्व बाँडफाँट र समानीकरण अनुदान राजस्व संकलनको आधारमा हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। चालु वर्षमा संघीय सरकारबाट लक्ष्य अनुरुप राजस्व बाँडफाट र समानीकरण अनुदान प्राप्त नहुँदा प्रदेश सरकारको समग्र स्रोतमा दवाव परेको छ।

५. मध्यपूर्वमा विकसित राजनीतिक घटनाक्रमले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले निर्माणजन्य सामग्रीको अभाव र ढुवानी भाडामा वृद्धि हुँदा पूँजीगत खर्चको प्रगति अपेक्षित रुपमा हुन सकेको छैन। यसले विगत वर्षमा उत्साहजनक रुपमा हुने गरेको पूँजीगत खर्चमा केही संकुचन आउने भएतापनि आर्थिक वर्षको अन्त्य सम्ममा सुधार हुने अपेक्षा गरेको छु।

६. बहुवर्षीय आयोजनाको दायित्व अपेक्षित रुपमा घट्न सकेको छैन। यसका साथै अनिवार्य दायित्व समेत क्रमशः बढ्दै गएको अवस्था विद्यमान छ। प्रदेश सरकार स्थापना भएदेखि शुरु भई हालसम्म पनि सम्पन्न हुन नसकेका आयोजनाको निर्माणमा शीघ्रता दिई आम जनतामा आशा जगाउन जरुरी छ। बहुवर्षीय आयोजनामा हुने गरेको न्यून विनियोजनका कारण अपेक्षित प्रगति हुन नसकिरहेको हुँदा आवश्यक बजेट विनियोजन गरी समयमै सम्पन्न गर्नुपर्नेछ।

७. प्रदेशको समग्र आर्थिक अवस्थामा सुधार गर्न सकेमा आन्तरिक राजस्व अभिवृद्धि भई नागरिकको बढ्दो समृद्धिप्रतिको आकाङ्क्षालाई सम्बोधन गर्न सकिने हुन्छ। रोजगारी सिर्जना, गरिबी न्यूनीकरण तथा

गुणस्तरीय पूर्वाधार निर्माण गर्दै भौगोलिक सन्तुलन कायम हुनेगरी बजेट तर्जुमा गरिनेछ।

**सभामुख महोदय,**

अब, म कोशी प्रदेश विनियोजन विधेयक, २०८३ मा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## ८. मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन

नेपालको संविधानले प्रत्याभुत गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमार्फत् गरिएका प्रतिवद्धता कार्यान्वयनलाई प्रमुख सिद्धान्तको रुपमा अवलम्बन गरि बजेट तर्जुमा गरिनेछ। सोह्रौं आवधिक योजना, प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रुपमा प्रतिवद्धता जनाइएका विकास तथा समृद्धिका लक्ष्य हासिल गर्ने दिशामा आधारित भई बजेट तर्जुमा गरिनेछ।

## ९. संघीयताको सबलीकरण

संघ तथा स्थानीय तहसँगको साझा अधिकार क्षेत्र र सेवा प्रवाहका विषयमा आवश्यक समन्वय र सहकार्य गरिनेछ। स्थानीय तहसँगको साझा अधिकार अन्तर्गत संकलन हुने राजस्व अभिवृद्धि गर्न कानूनी तथा संस्थागत

सुधार गरिनेछ। वित्तीय हस्तान्तरणलाई विश्वसनीय तथा कार्यान्वयनयोग्य बनाउन संघ सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यलाई मजबुत बनाइनेछ।

## १०. सामाजिक न्याय र समावेशी विकास

आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक तथा विपन्न खस आर्य लगायतका समुदायलाई बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा समान पहुँच, अर्थपूर्ण सहभागिता र न्यायोचित सम्बोधन सुनिश्चित गर्दै समावेशी विकासलाई प्राथमिकता दिइनेछ।

## ११. वित्तीय अनुशासन

आवश्यकता र औचित्य विश्लेषण गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गरिनेछ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम हुनेगरी बजेट प्रणाली सुधार गरिनेछ। उच्च प्रतिफल हासिल हुने आयोजनामा स्रोत सुनिश्चित गरिनेछ। सार्वजनिक वित्त सन्तुलन कायम गर्न राजस्व परिचालनलाई प्रभावकारी बनाइनेछ।

## १२. आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण

विस्तृत सम्भाव्यता अध्ययन तथा पूर्व तयारी सम्पन्न भई आयोजना बैंकमा प्रविष्ट भएका आयोजना तथा कार्यक्रमलाई आवश्यकता र प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। बजेट विनियोजन गर्दा आयोजना तथा कार्यक्रमको विषय क्षेत्रगत प्राथमिकीकरण गरी चालु खर्चमा मितव्ययिता कायम गर्दै वितरणमुखी कार्यक्रमलाई निरुत्साहित गरिनेछ।

## १३. समन्यायिक र सन्तुलित विकास

हिमाली र पहाडी क्षेत्रबाट तराई तथा शहरी क्षेत्रमा हुने बसाईसराईलाई कम गर्न एकीकृत पूर्वाधार विकासमा जोड दिइनेछ। प्रदेश सरकारले सञ्चालन गर्ने विकास कार्यक्रममा भौगोलिक सन्तुलन कायम गरिनेछ। कृषि, वन, पर्यटन, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधारका कार्यक्रमलाई प्राथमिकता निर्धारण गरी बजेटलाई सन्तुलित एवं न्यायोचित बनाईनेछ।

## १४. मानव संशाधन विकास

प्रदेशलाई समुन्नत, सुखी र समृद्ध बनाउन मानव स्रोतको सीप, ज्ञान, क्षमता, दक्षता र समग्र व्यक्तित्व विकासमा लगानी बढाई जानसांख्यिक लाभको अधिकतम उपयोग गरिनेछ। आवश्यक स्रोत साधनको व्यवस्था

गरी प्रदेशका पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ।

**१५. सुशासन प्रवर्द्धन र सेवा प्रवाह**

प्रदेश सरकारबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रविधि तथा नागरिकमैत्री बनाई सुशासनको प्रत्याभुति दिलाईनेछ। विकास आयोजना र सेवा प्रवाहमा नागरिकप्रतिको जवाफदेहिता र उत्तरदायित्वलाई अभिवृद्धि गर्दै बजेट विनियोजन तथा खर्चमा अनुशासन कायम गर्न जोड दिइनेछ।

**सभामुख महोदय,**

अब म कोशी प्रदेश विनियोजन विधेयक, २०८३ मा समावेश हुने बजेट तथा कार्यक्रमको प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## क. सुशासन तथा संस्थागत विकास

१६. प्रदेशको एकल अधिकार क्षेत्र अन्तर्गत आर्थिक विषयसँग सम्बन्धित बाँकी कानून प्राथमिकताका साथ तर्जुमा गरिनेछ। कार्यान्वयनमा रहेका कानूनलाई समय सापेक्ष सुधार तथा डिजिटाइजेशन गरिनेछ। साझा अधिकार क्षेत्रको विषय कार्यान्वयनका लागि समन्वयका संयन्त्रलाई क्रियाशील बनाईनेछ।

१७. प्रदेश सरकारबाट प्रदान गरिने सेवालाई प्रभावकारी, पारदर्शी र गुणस्तरीय बनाई सुशासनको प्रत्याभूति दिलाउन नीतिगत सुधार, संरचनागत सुदृढीकरण र सूचना प्रविधिको प्रयोगमा स्रोत परिचालन गरिनेछ।

१८. आयोजना कार्यान्वयनलाई तीव्रता दिन र निर्माण कार्यमा गुणस्तर कायम गर्न सघन, सूचकसहित नतिजामा आधारित विद्युतीय अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याईनेछ।

## ख. आर्थिक विकास

१९. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकरण र व्यवसायीकरणको माध्यमबाट उत्पादन तथा उत्पादकत्व वृद्धि हुने क्षेत्रमा लगानी गरिनेछ। कृषिको उत्पादन, प्रशोधन र बजारीकरणका लागि वित्तीय सहुलियत उपलब्ध गराइनेछ।

२०. स्थानीय कच्चा पदार्थमा आधारित नवप्रवर्तनकारी उद्यम स्थापना र विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। विदेशबाट फर्केका जनशक्तिको अनुभव, ज्ञान, सीप, दक्षता र क्षमताको उपयोग गरी उद्यमशीलता प्रवर्द्धन गरिनेछ। श्रम बजारको आवश्यकता र माग बमोजिम दक्ष एवम् सिपयुक्त जनशक्ति तयार गरी स्वदेशमै रोजगारी सिर्जना गर्न युवालाई औद्योगिक

प्रशिक्षार्थी तालिम, कार्यस्थल तालिम लगायतका सिप तथा रोजगारमूलक तालिम सञ्चालन गरिने छ।

२१. दैनिक तथा अत्यावश्यक प्रयोगका गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धताका लागि आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

२२. स्थानीय जडिबुटी र रैथाने उपचार पद्धतिलाई आधुनिक आरोग्य सेवासँग आवद्ध गरी कोशी प्रदेशलाई वेलनेस हव (Wellness Hub) को रुपमा विकास गरी पर्यटन प्रवर्धन गरिनेछ।

२३. प्रदेशका सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदा संरक्षण गर्दै निजी क्षेत्र र समुदायको सहकार्यमा प्रवर्द्धनात्मक कार्यक्रम सहित वि. सं. २०८३ साल श्रावणदेखि २०८५ साल असार मसान्तसम्म कोशी भ्रमण वर्ष मनाइनेछ। आगन्तुक पाहुनालाई पर्यटकीय गन्तव्य, पदमार्ग स्थल लगायतका स्थानमा भ्रमण गर्दा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

## ग. पूर्वाधार विकास

२४. बहुवर्षीय आयोजना निर्धारित समयभित्र सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन गरिनेछ। **"प्रादेशिक सडक सञ्जाल गुरूयोजना"** मा निर्दिष्ट प्रादेशिक लोकमार्ग, प्रादेशिक मार्ग एवम् स्थानीय तहका केन्द्र र व्यापारिक

केन्द्र जोड्ने सडक निर्माण तथा स्तरोन्नति गरिने छ। सडकपुल र झोलुंगेपुलको निर्माण तथा संरक्षण कार्यलाई तीव्रता दिई आवागमन सहज बनाईनेछ।

२५. प्रदेशभित्र बसोबास गर्ने विपन्न तथा आवासविहीन परिवारलाई आवासको व्यवस्था गरिनेछ। संघ सरकारसँग समन्वय गरी जोखिमपूर्ण बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ।

२६. प्रदेश, स्थानीय तह र उपभोक्ता समूहको लागत साझेदारीमा खानेपानी आयोजनाको विस्तार गरी नागरिकलाई गुणस्तरीय खानेपानी तथा सरसफाई सेवा सुनिश्चित गरिनेछ। निर्माणाधीन अवस्थामा रहेका खानेपानी आयोजनालाई आवश्यक बजेट व्यवस्था गरी सम्पन्न गर्दै लगिनेछ।

२७. मझौला सिंचाई कार्यक्रम, नविन् प्रविधिमा आधारित Mini Solar Irrigation प्रणाली, भूमिगत सिंचाई, स्यालो ट्युबवेल र सुख्खाग्रस्त क्षेत्रमा वर्षातको पानी संकलन गर्न पूनर्भरण पोखरीको निर्माण तथा संरक्षण गरी सिंचाई सुविधा विस्तार गरिनेछ।

## घ. सामाजिक विकास

२८. जनस्वास्थ्य सेवा, मानसिक स्वास्थ्य सेवा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा, ग्रामिण आमा स्वास्थ्य सुरक्षा, सरुवा

रोग नियन्त्रण लगायतका सेवाको सवलीकरण र विस्तार गरिनेछ। प्रदेश जनस्वास्थ्य प्रयोगशालाको क्षमता विकास र विस्तार गरी प्रदेशमा रहेका प्रयोगशालाको गुणस्तर नियमन तथा नियन्त्रण गरिनेछ। प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा सुदृढ गरी पालिकास्तरसम्म विस्तार गरिनेछ। अस्पतालबाट प्रवाह हुने सेवालाई डिजिटाइजेशन गर्दै लगिनेछ।

२९. सामुदायिक क्याम्पस, प्राविधिक विद्यालय र सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधारमा लगानी गर्नुका साथै प्रविधिको प्रयोगबाट शिक्षाको गुणस्तर सुधार गरिनेछ।

३०. प्रदेशमा उपलब्ध सिमित स्रोत साधनलाई महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सीमान्तकृत र आर्थिक रुपले विपन्न नागरिकमा समान पहुँच र न्यायोचित वितरणका साथै संरक्षण, सशक्तीकरण, उत्थान र विकासमा जोड दिईनेछ।

३१. प्रशिक्षण, निरन्तर अभ्यास र सहभागिताको माध्यमबाट युवालाई खेल क्षेत्रमा आकर्षित गरी व्यवसायिकता विकास गर्दै खेलकुदको पूर्वाधार र नियमित प्रतियोगितामा स्रोत केन्द्रित गरिनेछ।

## ङ. वातावरण तथा विपद् व्यवस्थापन

३२. उच्च महत्वका जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको उत्पादन, प्रशोधन, बजारीकरण तथा निर्यात प्रवर्धन गरिनेछ।

३३. जलवायु उत्थानशील पूर्वाधार, जलवायु अनुकुलित कृषि प्रणाली र न्यून कार्वन उत्सर्जन हुने प्रविधिको माध्यमबाट जलवायु परिवर्तनका प्रभावलाई न्यूनीकरण तथा अनुकुलन गरिनेछ।

३४. चुरे तथा जलाधार क्षेत्रमा माटो, पानी र वनस्पतिको संरक्षण गरी बाढी, पहिरो र भू-क्षयको नियन्त्रण, पूर्वाधार निर्माण, सुख्खा क्षेत्र व्यवस्थापन तथा भूमिगत जल भण्डार पुनर्भरणमा जोड दिइनेछ।

३५. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि रणनीतिक योजना तयार गरिनेछ। वन्यजन्तुमा आधारित पर्यापर्यटन प्रवर्धन गर्न खुला चिडियाखाना र जैविक विविधता पार्क स्थापना गरिनेछ।

३६. विपद् पूर्वतयारी र प्रतिकार्य कार्ययोजनालाई व्यवस्थित बनाईनेछ। विपद् जोखिमको विद्युतीय नक्सांकन, पूर्वसूचना प्रणाली, उद्धार, राहत एवम् पुनर्स्थापना कार्यलाई थप प्रभावकारी बनाइनेछ। विपद्जन्य घटनाका पीडित नागरिकलाई छिटो छरितो र प्रभावकारी

रुपमा राहत तथा सहायता उपलब्ध गराउने प्रणाली विकास गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा एकीकृत विपद् व्यवस्थापन केन्द्र सञ्चालन तथा विस्तार गरिनेछ।

**च. सार्वजनिक वित्त व्यवस्थापन**

३७. आर्थिक, सामाजिक, पूर्वाधार विकास, मानव पूँजी निर्माण र सेवा प्रवाहमा बजेटलाई केन्द्रित गर्दै उपलब्ध स्रोतबाट उच्चतम प्रतिफल प्राप्त गर्न विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा जोड दिइनेछ।

३८. आन्तरिक राजस्वको आधारलाई सुदृढ बनाउन राजस्व सुधार कार्ययोजनालाई कार्यान्वयन गर्दै राजस्वको दायरा विस्तार गरिनेछ। सवारी साधन कर, दहत्तर बहत्तर शुल्क जस्ता करका दरलाई अन्तर प्रदेश सामञ्जस्यता कायम गर्न समन्वय गरिनेछ। राजस्व प्रणालीलाई प्रविधिमैत्री, स्वचालित र पारदर्शी बनाई स्वेच्छिक सहभागिता अभिवृद्धि गरिनेछ।

**सभामुख महोदय,**

३९. प्रस्तुत सिद्धान्त र प्राथमिकताका आधारमा तर्जुमा गरिएको बजेट तथा कार्यक्रमबाट सुशासन कायम हुने तथा आय, उत्पादन, रोजगारी र उत्पादकत्व वृद्धि हुन

गई विकास र समृद्धिमा योगदान पुऱ्याउने विश्वास लिएको छु।

४०. अन्त्यमा, विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकतामाथि छलफलका क्रममा माननीय प्रदेश सभा सदस्यबाट व्यक्त हुने विचार, विश्लेषण र सुझावलाई महत्वपूर्ण आधारका रूपमा लिई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने विश्वास दिलाउछु। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र जवाफदेहिताको माध्यमबाट वजेट प्रणालीमा अनुशासन कायम गरी अपेक्षित प्रतिफल प्राप्त गर्न आगामी आर्थिक वर्षको बजेटले महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा म विश्वस्त छु।

धन्यवाद।

मिति २०८३/०२/१२ गते